गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय बागलुङ**
नेपाल

*मासिक*

# जनस्वास्थ्य बुलेटिन

**वर्षः २** | **अंकः २०** | **महिनाः २०** | **भाद्र २०८१**

## हार्दिक बधाई तथा शुभकामना

स्वास्थ्य खबरपत्रिका १५औं वर्षमा प्रवेश गरेको अवसरमा मिति २०८१ भाद्र ३१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा स्वास्थ्यखबर फाउन्डेसनले आयोजना गरेको स्वास्थ्य खबर हेल्थ अवार्ड उत्कृष्ट जनस्वास्थ्यकर्मीको रुपमा गण्डकी स्वास्थ्य निर्देशनालयका महानिर्देशक श्री खिमबहादुर खड्काले र उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविकामा जैमिनी नगरपालिका—१ बाग्लुङकी श्री खिमकला रानाले अवार्ड प्राप्त गर्नुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।





## उत्कृष्ट कर्मचारी सम्मानित

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा आर्थिक बर्ष २०८०/०८१ स्वास्थ्य कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङमा लामो समय सेवारत रहि उत्कृष्ट कार्य गर्ने लेखा अधिकृत सुरेन्द्रजग राजभण्डारी र सहयोगी लिला जि सिलाई सम्मान गरिएको थियो।





# जिल्लास्तरीय बार्षिक समीक्षा कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा आर्थिक बर्ष २०८०/०८१ स्वास्थ्य कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न भएको छ।गण्डकी प्रदेशका माननिय स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्लाका दशै स्थानिय तह, धौलागिरि अस्पताल, साझेदार संस्था तथा कृषि, भेटेरिनरी र जिल्ला प्रहरी कार्यालयबाट जनस्वास्थ्यमा बिभिन्न क्षेत्र बिचका कार्यका बारेमा प्रस्तुतीकरण गरेका थिए।स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्का लगायत प्रादेशिक स्वास्थ्य सम्बन्धी कार्यालयका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो।बिभिन्न सुचकहरुको प्रगतिको आधारमा स्थानिय तह तथा संस्थाहरुलाई पुरस्कृत गरिएको थियो जसमा बडिगाड गाउपालिका प्रथम, गलकोट नगरपालिका दोस्रा, तमानखोला गाउपालिका तृतिय र सान्त्वनामा बरेङ गाउपालिका थियो भने सोहि अनुसार सूचकहरुको आधारमा जिल्लाका स्वास्थ्य संस्थाहरु पुरस्कृत भएका थिए। त्यस्तै यस आ बमा सम्पन्न कार्यक्रमहरुको संक्षिप्त पोस्टर प्रस्तुतिकरणमा गलकोट नगरपालिका, ढोरपाटन नगरपालिका, बागलुङ नगरपालिका र काठेखोला गाउँपालिका क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्तवना पुरस्कारबाट सम्मानित भएका थिए। दुई दिन सम्म चलेको कार्यक्रममा स्वास्थ्यका कार्यक्रमहरुको विस्तृत समीक्षा गरिएको थियो ।

समिक्षा कार्यक्रमलाई सम्बोधन गर्दै गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले पछिल्लो समयमा नसर्ने रोगको समस्या झनै विकाराल बन्दै गएको हुँदा यसको रोकथामका निम्ती प्रदेश सरकारले जोड दिने बताउनुभएको छ । स्वास्थ्य कार्यालय बागलुङको वार्षिक समीक्षा कार्यक्रममा बोल्दै पाठकले नसर्ने रोगको समस्यालाई प्रदेश सरकार स्थानिय सरकारसँग समन्वय गरी यसको न्युनिकरण तथा रोकथामको प्रयास थाल्ने बताउनुभयो । उहाँले स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार गर्दै नसर्ने रोगको रोकथाम गर्न सकेमा आम नागरिकको ज्यान बचाउन सकिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर थापाले स्वास्थ्य सेवा प्रभावकारी हुँदा दक्ष जनशक्ती निर्माणमा सहयोग पुग्ने बताउनुभयो । बागलुङ नगरपालिकाका प्रमुख बसन्तकुमार श्रेष्ठले स्वास्थ्यकर्मी प्रोत्साहित भएमा सेवा चुस्त हुने भन्दै मातृ मृत्यु शुन्य बनाउने अभियानमा स्थानीय सरकारले पनि साथ दिने बताउनुभएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीले सूचकहरु सुधार गर्नेगरी काम गर्दा उपलब्धी पनि देखिने र आम नागरिकको स्वास्थ्य पनि सुधार हुने बताउनुभयो । दुई दिन सन्चालन भएको समिक्षा कार्यक्रममा गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्का, प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक डा. रेखा पौडेल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र, तालिम केन्द्रका निमित्त महानिर्देशक हेमन्त पौडेल, क्षयरोग केन्द्रका निमित्त निर्देशक डा. विशाल तिवारी लगायतले प्रदेश सरकार जिल्ला हुँदै स्थानिय सरकार सँग समन्वय गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि काम गर्ने बताएका थिए । उनिहरुले स्थानिय तहका समस्यालाई समाधानको उपाय खोज्ने बताए । कार्यक्रममा स्वास्थ्य सेवा निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्का सहित प्रदेश कार्यालयका नेतृत्व पनि सहभागि थिए । उक्त अवसरमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रताप पौडेलले जिल्लामा आत्महत्याको न्युनिकरणका लागि के कार्यक्रम गर्न सकिन्छ भन्ने विषयमा जानकरी गराउनुभएको थियो । कार्यक्रममा धौलागिरी अस्पतालका डा. रविरञ्जन प्रधान र आर्युवेद औषधालयका प्रमुखले वार्षिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।सबै सरोकारवालाहरु तथा स्थानीय तहबाट प्रतिबद्धता पत्र तयार गरी सबैले कार्यान्वयनका लागि प्रतिबद्ध रहेको समेत जानकारी गराउनुभयो । उक्त कार्यक्रममा उद्देश्य सहित जिल्लाको प्रस्तुतिकरण कार्यालय प्रमुख बाबुराम आचार्य, कार्यक्रम सञ्चालन तथ्याङ्क अधिकृत घनश्याम सापकोटाले गर्नुभएको उक्त कार्यक्रममा स्वागत मन्तव्य देव प्रकाश घिमिरे र Vote of Thanks लक्ष्मी शर्माले दिनुभएको थियो ।
























## विश्व आत्महत्या रोकथाम दिवस मनाईयो

"आत्महत्या रोकथाम बारे संवाद सुरु गरौ; दृष्टिकोण बदलौं" भन्ने मूल नाराका साथ यहि १० सेप्टेम्बर, २०२४ मा विश्व आत्महत्या रोकथाम दिवस मनाईयो । 'World Suicide Prevention Day for 2024: Changing the Narrative on Suicide'

यस अवसरमा बागलुङ जिल्लाका दश वटै स्थानीय तहमा सबै वडामा रहेका समुदाय तथा विद्यालयमा विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको थियो ।















"अबको आवश्यकता:
अल्जाइमर्स तथा डिमेन्सियामा क्रियाशीलता"

२१ सेप्टेम्बर २०२४

**विश्व अल्जाइमर्स दिवस**

## बागलुङ जिल्लाका स्थानीय तहहरुले २०८१ भाद्र महिनामा सम्पादन गरेका मुख्य कार्यक्रमहरु

### बडिगाड गाउँपालिका

• आ ब २०८१।८२ मा पहलो स्वास्थ्य संस्था प्रमुखहरुको माशिक बैठक भिमगिठे स्वास्थ्य चौकीमा सम्पन्न

• आ ब २०८०।०८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न

• विश्व आत्मा हत्या सम्बन्धि प्रत्येक विद्यालयमा कक्षा संचालन गरिएको

• डेंगी रोग नियन्त्रण सम्बन्धि सबै विद्यालयहरु कक्षा संचालन गरिएको

• महिनाको पहिलो शुक्रबार अन्तिम शुक्रबार स्वास्थ्य संस्थाको सरसफाई गरिएको

### जैमिनी नगरपालिका

• आ.ब.०८०/०८१ को स्वास्थ्य संस्थाले सम्पादन गरेका कार्यक्रमको बार्षिक समिक्षा

• आ.ब.०८०/०८१ को क्षयरोग कार्यक्रमको बार्षिक समिक्षा

• रांखानी स्वास्थ्य चौकीमा डेंगु रोगको रोकथाम तथा नियन्त्रणको लागि समुदायमा अभिमुखिकरण संचालन पोषण कार्यक्रमको बार्षिक समिक्षा

• विद्यालयका स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।

• म.सा.स्वा.स्वयं.से.का को लागी मानसिक रोग सम्बन्धि अभिमुखिकरण तथा विश्व आत्महत्या न्यूनिकरण दिवस मनाईएको

### ढोरपाटन नगरपालिका

• स्वास्थ्य संस्था र पालिका स्तरीय बार्सिक समिक्षा

• आत्महत्या रोकथाम दिवसको अवसरमा सबै वडाहरुका बिधालयहरुमा शिक्षक बिधार्थी अन्तरक्रिया तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम

• आ.ब २०८०/८१ को स्वास्थ्य कार्यक्रम हरुको योजना निर्माण

• बुर्तिबाङ र केही वडाहरुमा डेङ्गि रोग रोकथामको लागि बासस्थान खोज र नस्ट गर अभियान सन्चाल्न

• सबै स्वास्थ्य संस्थाहरुको आ.ब २०८१/८२को लागि योजना निर्माण ।

### काठेखोला गाउँपालिका

• विश्व आत्म हत्या न्युनिकरण दिवसको अवसर विद्यालयमा स्वास्थ्य शिक्षा साथै समुदाय स्तरमा जनचेतना मुलक र अन्तर्क्रियात्मक कार्यक्रम संचालन

• विद्यालयमा पोषण सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन

• डेंगु सम्बन्धि सचेतना कार्यक्रम संचालन

• आमा समुह बैठक संचालन तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक सम्पन्न

• स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण

• ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिएको

### ताराखोला गाउँपालिका

• विश्व आत्महत्या दिवस (10th Sep) को अवसरमा सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य आमा समुहहरु र विद्यालयहरुमा आत्म हत्या रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा संचालन

• साउन महिनाको पालिका स्तरमा स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन

• Dengue रोग सम्बन्धि विधालय स्वास्थ्य शिक्षा

• जिल्लाको वार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्यको प्रगति प्रस्तुतिकारण

• वृद्धि अनुगमन गरिएको

### तमानखोला गाउँपालिका

• स्वास्थ्य कार्यक्रमहरुको श्रावण महिनामा सम्पादित कार्यक्रमहरुको मासिक समिक्षा

• आ ब २०८०/८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको वडा तथा पालिका स्तरीय बार्षिक समिक्षा कार्यक्रम

• बिद्यालयहरुमा अन्तरक्रिया गरी विश्व आत्महत्या रोकथाम बिवश मनाईएको

• तमानखोला आधारभूत अस्पतालद्वारा नसर्ने रोग सम्बन्धी समुदाय स्तरीय अन्तरक्रिया तथा परिक्षण

### बरेङ गाँउपालिका

• वडा र पालिका स्तरीय बार्सिक समिक्षा

• आत्महत्या रोकथाम दिवसको अवसरमा सबै वडाहरुमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

- RUSG सेवा कार्यक्रम सन्चालन ।

## गलकोट नगरपालिका

- बार्षिक समीक्षा गोष्ठी
- आत्महत्या रोकथाम दिवसको अवसरमा स्वास्थ्य शिक्षा तथा अन्तर्क्रिया
- RoUSG सेवा
- नियमित मासिक बैठक तथा बिद्यालय स्वास्थ्य शिक्षा
- आगामी आर्थिक बर्षको कार्ययोजना तर्जुमा

## बागलुङ नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा ।
- डेंगु रोकथाम र नियन्त्रणको अभिमुखिकरण
- लामखुट्टेको लार्भा खोज र नस्ट पार अभियान ।
- आत्महत्या रोकथाम अभिमुखिकरण ।
- बिद्यालय स्वास्थ्य शिक्षा ।
- मासिक बैठक ।
- आमा समूह को बैठक ।




- वडा नं १ र २ का स्वास्थ्यचौकीहरुको अग्रसरतामा बरेङ बजारमा डेङ्गी रोग सम्बन्धि र्याली तथा सचेतता कार्यक्रम
- आ व २०८०/०८१ को बार्सिक प्रतिवेदन प्रकाशन
- स्वास्थ्यकर्मीहरुको कार्य विवरण निर्माण

## निसीखोला गाउँपालिका

- स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा ।
- स्वास्थ्य संस्था स्तरीय मासिक बैठक सम्पन्न ।
- डेगु संबन्धी सचेतता कार्यक्रम ।
- विश्व आत्महत्या न्यूनीकरण दिवस ।
- आमा समुह तथा स्वयं सेविका बैठक समपन्न ।
- लायन्स क्लब सँग सहकार्यमा मिलेर श्री बोहरागाउ प्रा. बिमा बृहत स्वास्थ्य शिबिर सम्पन्न ।




